नेपाली राजदूतावास, अबुधाबी

Tel.: 02-6344767/6344385, Fax : 02-6344469
Email: eonabudhabi@mofa.gov.np
Website:www.ae.nepalembassy.gov.np

Ref

प्रेस विज्ञप्ति।

अन्तर्राष्ट्रिय सहिष्णुता दिवस (International Day of Tolerance 2026) को अवसरमा संयुक्त अरब इमिरेट्स (युएई) को अबुधाबीस्थित Umm Al Emarat Park मा नोभेम्बर १३ देखि १५, २०२६ सम्म आयोजित National Festival of Tolerance 2026 मा नेपाली राजदूतावास, अबुधाबीले नेपालको पर्यटन प्रवर्द्धन तथा सांस्कृतिक पहिचानको अन्तर्राष्ट्रिय प्रचारप्रसार गर्ने उद्देश्यसहित नेपालको विशेष Tourism Stall/Booth स्थापना गरी र विविध साँस्कृतिक प्रस्तुतिकासाथ सक्रिय सहभागिता जनाएको छ।

युएईका Tolerance and Coexistence मन्त्री H.E. Sheikh Nahyan bin Mubarak Al Nahyan द्वारा आठौं संस्करणका रूपमा उद्घाटन गरिएको उक्त महोत्सवको यस वर्षको मूल नारा "Growing in Unity" रहेको थियो। युएई सरकारले प्रत्येक वर्ष आयोजना गर्दै आएको यस महोत्सवले सहिष्णुता, सहअस्तित्व, सांस्कृतिक विविधता तथा पारस्परिक सद्भावको प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ।

महोत्सवको उद्घाटनपश्चात् H.E. Sheikh Nahyan bin Mubarak Al Nahyan ले नेपालसहित विभिन्न देशका प्रदर्शनी स्टलहरूको अवलोकन भ्रमणसमेत गर्नुभएको थियो। उक्त प्रदर्शनीमा नेपालको स्टलमा नेपालको पर्यटन, कला, संस्कृति तथा प्रदर्शनीमा राखिएका सामग्रीहरूका सम्बन्धमा विभिन्न देशका राजदूत तथा कूटनीतिज्ञ, युएईको Ministry of Tolerance and Coexistence का पदाधिकारी, पर्यटन व्यवसायी, विद्यार्थी तथा नेपालका शुभेच्छुकहरूलेसमेत नेपालको स्टलको अवलोकन गरी विशेष चासो र रुचि व्यक्त गरेका थिए।

महोत्सवको दोस्रो दिन नोभेम्बर १४ मा युएईका सहिष्णुता तथा सहअस्तित्व मन्त्री H.E. Sheikh Nahyan bin Mubarak Al Nahyan ले महोत्सवमा नेपाली राजदूतावासको नेतृत्वमा नेपाली समुदायको सक्रिय सहभागिता तथा योगदानको कदरस्वरूप नेपाली राजदूतावासलाई सम्मानस्वरूप सम्मानपत्र (अवार्ड) प्रदान गर्नुभएको थियो। उक्त सम्मानपत्र (अवार्ड) संयुक्त अरब इमिरेट्सका लागि नेपालको महामहिम राजदूत श्री तेजबहादुर क्षेत्रीले ग्रहण गर्नुभएको थियो। उक्त सम्मानपत्र (अवार्ड) नेपालसहित महोत्सवमा सक्रिय सहभागिता जनाउने देशका राजदूतावासहरूलाई प्रदान गरिएको थियो।

आज महोत्सवको अन्तिम दिन नेपालले विशेष सांस्कृतिक प्रस्तुति दिएको थियो। नेपाल आदिवासी जनजाति महासंघ, युएई तथा तामाङ समाज, अबुधाबीको सहकार्यमा नेपाली जातीय तथा क्षेत्रीय परम्परा, मौलिक संस्कृति र सांस्कृतिक विविधता झल्काउने सामूहिक नृत्य तथा विभिन्न सांस्कृतिक झाँकीहरू प्रस्तुत गरिएको थियो। नेपाली समुदायका कलाकारहरूको उत्साहपूर्ण सहभागितामा प्रस्तुत उक्त कार्यक्रमले नेपालको मौलिक सांस्कृतिक सम्पदालाई अन्तर्राष्ट्रिय दर्शकमाझ परिचित गराएको थियो।

سفارة نيبال
أبوظبي - ا.ع.م
नेपाली राजदूतावास

नेपाली राजदूतावास, अबुधाबी

Tel.: 02-6344767/6344385, Fax : 02-6344469
Email: eonabudhabi@mofa.gov.np
Website:www.ae.nepalembassy.gov.np

Ref

नेपालको पर्यटन स्टलमा नेपाली हस्तकला तथा मूर्तिकलाका सामग्री, नेपालको प्राकृतिक सौन्दर्य, भौगोलिक विविधता तथा पर्यटकीय आकर्षण झल्काउने पोस्टर र तस्बिरहरूका साथै विभिन्न नेपाली उत्पादन तथा मौलिक सामग्रीहरू प्रदर्शनमा राखिएका थिए। यसका अतिरिक्त, बालबालिका तथा परिवारलाई लक्षित गरी चित्रकला, रङ भर्ने तथा अन्य अन्तरक्रियात्मक गतिविधिहरू सञ्चालन गरिएको थियो। यी गतिविधिहरूले आगन्तुकहरूलाई नेपालको कला, संस्कृति तथा पर्यटनबारे जानकारी लिनुका साथै प्रत्यक्ष रूपमा सहभागी हुने अवसर प्रदान गरेका थिए।

महोत्सवमा नेपालको सहभागिताप्रति आगन्तुकहरूबाट प्राप्त उत्साहजनक प्रतिक्रिया, प्रशंसा तथा उच्च रुचिले नेपालको पर्यटन प्रवर्द्धन, सांस्कृतिक पहिचानको अन्तर्राष्ट्रिय प्रचारप्रसार तथा नेपाल-युएईबीचको जनस्तरको सम्बन्ध र सांस्कृतिक कूटनीतिलाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ। नेपालको सांस्कृतिक विविधता, मौलिक कला, हस्तकला तथा मैत्रीपूर्ण आतिथ्यको प्रस्तुतिले अन्तर्राष्ट्रिय समुदायमाझ नेपालको सकारात्मक छवि अभिवृद्धि गर्न सहयोग पुऱ्याएको छ।

यस तीनदिने महोत्सवमा अबुधाबीस्थित एसिया, युरोप तथा अफ्रिकालगायत विभिन्न क्षेत्रका देशका कूटनीतिक नियोगहरूले आ-आफ्नो कला, संस्कृति तथा राष्ट्रिय पहिचान झल्काउने प्रदर्शनी स्टलहरू राखेका थिए। साथै, अबुधाबीस्थित विभिन्न सामाजिक संस्था तथा सांस्कृतिक समूहहरूको सहभागिता रहेको महोत्सवमा Global Heritage Showcases, कला प्रदर्शनी, अन्तर्राष्ट्रिय सांगीतिक प्रस्तुति तथा विविध मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गरिएका थिए। महोत्सव अवलोकनका लागि दैनिक रूपमा सयौंको संख्यामा आगन्तुकहरूको उपस्थिति रहेको थियो। तीन दिनसम्म सञ्चालन भएको उक्त महोत्सव नोभेम्बर १५ को राति सम्पन्न भएको छ।

यस महोत्सवमा नेपालको सहभागितालाई सफल बनाउन सहयोग, समन्वय तथा योगदान पुऱ्याउनुहुने युएई सरकार, नेपाली समुदाय, नेपाल आदिवासी जनजाति महासंघ, युएई, तामाङ समाज, अबुधाबी, सञ्चारकर्मी तथा सम्पूर्ण स्वयंसेवकहरूप्रति नेपाली राजदूतावास, अबुधाबी हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछ।

नेपाली राजदूतावास,
अबुधाबी ।
१५ नोभेम्बर २०२६

سفارة نيبال
أبوظبي - ا.ع.م
नेपाली राजदूतावास
अबुधाबी, यु.ए.इ.